# लिखु गाउँपालिका

# बाह्रौं गाउँ सभा (बजेट अधिवेशन)

# निर्णय पुस्तिका

**मिति:२०७९/०३/१० र २० गते**

# आर्थिक वर्ष ०७८/७९

**लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय यसम, ओखलढुंगा**

**प्रदेश नं. ०१, नेपाल**

यस लिखु गाउँपालिकाको बाह्रौं गाउँ सभा (बजेट अधिवेशन), सभाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको सभा अध्यक्षतामा मिति २०७९ साल असार १० र २० गतेका दिन भएका बैठकहरुको निर्णय देहाय बमोजिम रहेको छन्।

**गाउँसभामा पेश भएका प्रस्तावहरुः**

१. गाउँ सभा बैठकको कार्यसूची सम्बन्धमा।

२. वडा कार्यालयहरु, कार्यपालिकाको विषयगत समिति, राजश्व तथा आर्थिक प्रशासन शाखा तथा प्रमुख प्रशासकीय अधिकृतको प्रतिवेदन सम्बन्धमा।

३. विधेयक सम्बन्धमा।

४. आर्थिक बर्ष ०७९/८० को नीति तथा कार्यक्रम सम्बन्धमा।

५. आर्थिक बर्ष ०७९/८० को बार्षिक बजेट बक्तव्य तथा बजेट तथा कार्यक्रम सम्बन्धमा।

६. कार्यपालिकाबाट पेश भएका प्रस्ताव सम्बन्धमा।

७. सभा समिति तर्जुमा सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. १ : प्रस्ताव नं. १** माथि व्यापक छलफल गर्दा लिखु गाउँपालिकाको बाह्रौं गाउँ सभा (बजेट अधिवेशन) को बैठकहरुको कार्यसूची देहाय बमोजिम भएकोले सोही अनुसार बैठक सञ्चालन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**प्रथम बैठकको कार्यसूची**
**मिति २०७९/०३/१०**

| क्र.सं. | मिति | कार्यसूची | समय (बजे) दिनको |
|---|---|---|---|
| १ | २०७९/०३/१० | सभाध्यक्षको आगमन (धुन सहित राष्ट्रिय गान) | ४:२०-४:२५ |
| २ | २०७९/०३/१० | अधिवेशन प्रारम्भको घोषणा<br>प्रथम बैठकको कार्यसूचीको जानकारी | ४:२५-४:३० |
| ३ | २०७९/०३/१० | सभामा पालना गर्नु पर्ने नियम तथा<br>आचार संहिताको जानकारी | ४:३०-४:३५ |
| ४ | २०७९/०३/१० | आ.व. २०७९/८० को गाउँपालिकाको नीति<br>तथा कार्यक्रम प्रस्तुत | ४:३५-४:५५ |
| ५ | २०७९/०३/१० | विधेयक प्रस्तुत<br>क) आर्थिक विधेयक, २०७९ | ४:५५-५:१० |

| | | | |
|---|---|---|---|
| | | ख) विनियोजन विधेयक, २०७९ | |
| ६ | २०७९/०३/१० | आ.व. २०७९/८० को लागि बार्षिक बजेट बक्तव्य बजेट तथा कार्यक्रम प्रस्तुत | ५:१०-५:४० |
| ७ | २०७९/०३/१० | अधिवेशनको आगामि बैठकको मिति, समय सम्बन्धी जानकारी सहित प्रथम बैठक अन्त्यको घोषणा | ५:४०-५:५० |

**दोस्रो बैठकको कार्यसूची**

**मिति २०७९/०३/२०**

| क्र.सं. | मिति | कार्यसूची | समय (बजे) |
|---|---|---|---|
| १ | २०७९/०३/२० | सभाध्यक्षको आगमन (धुन सहित राष्ट्रिय गान) | ११:३०-११:४० |
| २ | २०७९/०३/२० | बैठक प्रारम्भको घोषणा<br>(कार्यसूचीको जानकारी) | ११:४०-११:४५ |
| ३ | २०७९/०३/२० | वडा समिति, विषयगत समिति, आर्थिक प्रशासन शाखा तथा प्रमुख प्रशासकीय अधिकृतको प्रतिवेदन प्रस्तुत | ११:४५-१:३० |
| ४ | २०७९/०३/२० | प्रतिवेदन उपर छलफल तथा पारितको लागि निर्णयार्थ प्रस्तुत | १:३०-१:४० |
| ५ | २०७९/०३/२० | विधेयक उपर छलफल तथा पारितको लागि निर्णयार्थ प्रस्तुत<br>क) आर्थिक बिधेयक, २०७९<br>ख) विनियोजन विधेयक, २०७९ | १:४०-१:५० |
| ६ | २०७९/०३/२० | आर्थिक बर्ष ०७९/८० को नीति तथा कार्यक्रम उपर छलफल तथा पारितको लागि निर्णयार्थ प्रस्तुत | १:५०-२:१० |
| ७ | २०७९/०३/२० | आर्थिक बर्ष ०७९/८० को बजेट तथा कार्यक्रम उपर छलफल तथा पारितको लागि निर्णयार्थ प्रस्तुत | २:१०-२:४० |
| ८ | २०७९/०३/२० | कार्यपालिकाको प्रस्ताव प्रस्तुत | २:४०-३:०० |
| ९ | २०७९/०३/२० | कार्यपालिकाको प्रस्ताव उपर छलफल तथा पारितको लागि निर्णयार्थ प्रस्तुत | ३:००-३:१० |

| | | | |
|---|---|---|---|
| १० | २०७९/०३/२० | सभा समितिको तर्जुमा | ३:१०-३:५० |
| ११ | २०७९/०३/२० | सभाध्यक्षको मन्तव्य सहित सभा अन्त्यको घोषणा | ३:५०-४:०० |

**निर्णय नं. २ : प्रस्ताव नं. २** माथि आवश्यक छलफल गर्दा गाउँ सभाको दोस्रो  बैठकमा प्रस्तुत भएका वडा कार्यालय, विषयगत समिति, आर्थिक प्रशासन शाखा र प्रमुख प्रशासकीय अधिकृतका आर्थिक बर्ष २०७८/७९ का कार्य प्रगति प्रतिवेदनहरु देहाय बमोजिम स्वीकृत गर्ने  निर्णय गरियो। प्रतिवेदनहरु यसै साथ संलग्न छन्।

**(क) वडा समितिको प्रतिवेदन**

| क्र.स. | विवरण | पारित विधि | | |
|---|---|---|---|---|
| | | वहुमत | सर्वसम्मत | संशोधन |
| १ | वडा नं. १, वडा समिति | - | सर्वसम्मत | - |
| २ | वडा नं. २, वडा समिति | - | सर्वसम्मत | - |
| ३ | वडा नं. ३, वडा समिति | - | सर्वसम्मत | - |
| ४ | वडा नं. ४, वडा समिति | - | सर्वसम्मत | - |
| ५ | वडा नं. ५, वडा समिति | - | सर्वसम्मत | - |
| ६ | वडा नं. ६, वडा समिति | - | सर्वसम्मत | - |
| ७ | वडा नं. ७, वडा समिति | - | सर्वसम्मत | - |
| ८ | वडा नं. ८, वडा समिति | - | सर्वसम्मत | - |
| ९ | वडा नं. ९, वडा समिति | - | सर्वसम्मत | - |

**(ख)कार्यपालिकाको विषयगत समितिका प्रतिवेदनहरु**

| क्र.सं. | विवरण | पारित विधि | | |
|---|---|---|---|---|
| | | वहुमत | सर्वसम्मत | संशोधन |
| १ | वातावरण तथा विपद् व्यवस्थापन समिति | - | सर्वसम्मत | - |
| २ | विधेयक समिति | - | सर्वसम्मत | - |
| ३ | पूर्वाधार विकास समिति | - | सर्वसम्मत | - |
| ४ | सामाजिक विकास समिति | - | सर्वसम्मत | - |
| ५ | आर्थिक विकास समिति | - | सर्वसम्मत | - |

| | | | | |
|---|---|---|---|---|
| ६ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | - | सर्वसम्मत | - |

**(ग) आर्थिक प्रशासन शाखा तथा प्रमुख प्रशासकीय अधिकृतको प्रतिवेदनहरु**

| क्र.सं. | विवरण | पारित विधि | | |
|---|---|---|---|---|
| | | वहुमत | सर्वसम्मत | संशोधन |
| १ | राजश्व तथा आर्थिक प्रशासन शाखा | - | सर्वसम्मत | - |
| २ | प्रमुख प्रशासकीय अधिकृत | - | सर्वसम्मत | - |

**निर्णय नं. ३ : प्रस्ताव नं. ३** माथि आवश्यक छलफल गर्दा लिखु गाउँ कार्यपालिकाको विधेयक समितिबाट यस सभाको प्रथम बैठकमा पेश भएका विधेयकहरु देहाय बमोजिमका स्वीकृत गर्ने निर्णय गरियो। विधेयकहरु यसै साथ संलग्न छन्।

| क्र.सं. | विवरण | पारित विधि | | |
|---|---|---|---|---|
| | | वहुमत | सर्वसम्मत | संशोधन |
| १ | आर्थिक विधेयक, २०७९ | - | सर्वसम्मत | - |
| २ | विनियोजन विधेयक, २०७९ | - | सर्वसम्मत | - |

**निर्णय नं. ४ : प्रस्ताव नं. ४** माथि आवश्यक छलफल गर्दा यस गाउँ सभाको पहिलो बैठकमा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो। नीति तथा कार्यक्रम यसै साथ संलग्न छ।

**निर्णय नं. ५ : प्रस्ताव नं. ५** माथि आवश्यक छलफल गर्दा यस गाउँ सभाको पहिलो बैठकमा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को बार्षिक बजेट बक्तव्य तथा बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो। बार्षिक बजेट बक्तव्य तथा बजेट तथा कार्यक्रम यसै साथ संलग्न छ।

**निर्णय नं. ६ : प्रस्ताव नं. ६** माथि आवश्यक छलफल गर्दा कार्यपालिका बैठकबाट यस गाउँ सभाको दोस्रो बैठकमा अनुमोदनको लागि पेश भएका प्रस्तावहरुलाई देहाय अनुसार स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**१. मिति २०७९/०१/०५ गतेको कार्यपालिका बैठकबाट सभामा अनुमोदनको लागि पेश भएका निर्णयहरुः**

क) करार सेवा शुल्क र विविध खर्च शिर्षकमा रकम अपुग भएको हुँदा देहाय बमोजिम रकमान्तर गरी आगामि गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| **क्र.स.** | **कार्यक्रमको नाम** | **मौजुदा रकम** | **थप रकम** | **घट रकम** | **संशोधित रकम** |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २७,०४,७१६.८६ | ०।०० | ४,५०,०००।०० | २२,५४,७१६।८६ |
| २ | करार सेवा शुल्क | २४,९९,०००।०० | २,५०,०००।०० | ०।०० | २७,४९,०००।०० |
| ३ | विविध खर्च | १,९८,८६०।०० | २,००,०००।०० | ०।०० | ३,९८,८६०।०० |
| **जम्मा** | | **५४,०२,५७६।८६** | **४,५०,०००।००** | **४,५०,०००।००** | **५४,०२,५७६।८६** |

ख) आर्थिक बर्ष ०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम समपूरक कोष (कुटीडाँडा गाम्नाङ्टार सडक, गाम्नाङ्टार भञ्ज्याङ्ग सडक, प्रशासकीय भवन निर्माण र अन्य) शिर्षकबाट बाँकि रकम रु. १३,८७,९५६।६७ देहाय बमोजिम बजेट रकमान्तर गरी आगामि गाउँसभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१) सडक बोर्ड नेपालबाट विनियोजित रु.१२,००,०००।०० बजेटबाट कुटीडाँडा मुलपधेरा सडक निर्माण योजना सञ्चालन गर्ने र गाउँपालिकाको समपुरक कोषबाट रु.३,००,०००।००० लागत साझेदारी गर्ने ।

२) स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, प्रदेश नं. १ ईटहरीको च.नं. ५९ मिति २०७८/१०/०२ गतेको पत्रानुसार नेपाल साम्देम गुम्बा लिखु गा.पा. ९ गुम्बा निर्माणको लागि रु.४०,००,०००।०० बजेट विनियोजन भएकोमा सोही पत्रानुसार स्थानीय तह तथा उपभोक्ता संस्थाले ३०% बराबर (रु.१७,१५,०००।००) लागत साझेदारी गर्नु पर्ने भएकोमा यस गाउँपालिकाको समपुरक कोषबाट रु.१०,८७,९५६।६७ लागत साझेदारी गर्ने र बाकि रकम रु.६,२७,०४३।३३ उपभोक्ता संस्थाबाट लागत साझेदारी हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने तथा डि.पि.आर. वापतको रकम सोही कार्यक्रमबाट व्यवस्थापन गर्ने ।

**२. मिति २०७९/०३/१९ गतेको कार्यपालिका बैठकबाट सभामा अनुमोदनको लागि पेश भएका निर्णयहरुः**

क) सवारी साधन मर्मत खर्च शिर्षकमा रकम अपुग भएको हुँदा देहाय बमोजिम रकमान्तर गरी चालु गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र. स. | कार्यक्रमको नाम | मौजुदा रकम | थप रकम | घट रकम | संशोधित रकम |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक पदाधिकारी | १७,८८,१५०।०० | ०।०० | ६,९०,०००।०० | १०,९८,१५०।०० |
| २ | सवारी साधन मर्मत खर्च | १,२९४।६० | ६,९०,०००।०० | ०।०० | ६,९१,२९४।०६ |

ख) आगामि आर्थिक बर्षहरुमा क्रमशः कार्यान्वयन हुने गरी देहाय बमोजिमका आयोजना तथा कार्यक्रमहरुलाई आयोजना बैंकमा समावेश गरी कार्यपालिकाबाट स्वीकृत गरी चालु गाउँ सभामा अनुमोदनको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो । आयोजना बैंक यसै साथ संलग्न छ ।

ग) आर्थिक बर्ष ०७९/८० मा कार्यान्वयन हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघीय सशर्तको रुपमा प्राप्त बजेट तथा गाउँपालिकाबाट विनियोजित बजेट अनुसार देहायका आयोजना वडागत प्राथमिकताको आधारमा कार्यान्वयन गर्न कार्यपालिकाबाट स्वीकृत गर्ने तथा आयोजनागत रकम बाडँफाड आगामि कार्यपालिका बैठकबाट गर्ने गरी चालु गाउँ सभामा अनुमोदनको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१) नौबिसे, तिनतले, वर्रो हुदै खोलाघारी घोरेटो वाटो निर्माण आयोजना, लिखु १

२) सानिटार, पसलटार, बेलको रुख हुदै च्युरिडाँडा घोरेटो वाटो निर्माण आयोजना, लिखु १

३) कृषि सडक सोलिंग आयोजना, लिखु २

४) घोडेटो बाटो मर्मत आयोजना, लिखु २

५) गोस्वा पधेँरो देखि स्वास्थ्य चौकी कृषि सडक मर्मत आयोजना, लिखु ३

६) जल्पादेवी देखि खोरण्डेखोला सम्म गोरेटो बाटो निर्माण आयोजना, लिखु ३

७) कुटिडाँडा, वाङ्गेपिपल, डाँडागाउँ, मचावारि, छतिउने सडक मर्मत आयोजना, लिखु ४

८) जुकेखोला, डाँडागाउँ, मचावारि सिंचाई कुलो मर्मत आयोजना, लिखु ४

९) खड्का खोला बसपार्क सडक स्तरोन्नती आयोजना, लिखु ५

१०) वडडाँडा बिद्यालय देखि धाराखोला सम्म ड्रेन निर्माण आयोजना, लिखु ५

११) डाँडाटोल, राम्चेडाँडा सडक स्तरोन्नती आयोजना, लिखु ६

१२) मुलपँधेरा, सेतिडाँडा, साउनेडाँडा सडक स्तरोन्नती आयोजना, लिखु ६

१३) गैरी खोल्सा, मैताकुन्ता देवी मन्दिर गोरेटो बाटो निर्माण आयोजना, लिखु ७

१४) साउनेचौतारा, थर्कुडाँडा गोरेटो बाटो निर्माण आयोजना, लिखु ७

१५) सिरिसे चिनेटार, डाँडाखर्क कोप्चे सडक स्तरोन्नती आयोजना, लिखु ८

१६) सातदोबाटो, सिस्ने गोरेटो बाटो निर्माण आयोजना, लिखु ८

१७) लिम्ति, वाच्पु कृषि सडक सोलिंग आयोजना, लिखु ९

१८) मल्खु, पोखरी कृषि सडक सोलिंग आयोजना, लिखु ९

घ) आर्थिक वर्ष २०८०/८१ मा साना सिचाई कार्यक्रम अन्तरगत देहाय अनुसारका आयोजनाहरु सञ्चालन गर्ने निर्णय गरी चालु गाउँ सभामा अनुमोदनको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१) पोकली खोला, विसौना, देवालीथान, सिरिसे सिचाई आयोजना, लिखु ९

२) डुँडेखोला, मसार, सम्मटार साविक ६, ७, ८ र ९ सिचाई आयोजना, लिखु ८

३) डँडेखोला, देवीटार, निवुवाबोट, रोकाडाँडा सिचाई आयोजना, लिखु ८

४) पोकली खोला, साठिबेसी सिचाई आयोजना, लिखु ८

५) पचासेकुलो सिचाई आयोजना, लिखु ८

६) डुँडेखोला, राम्चे सिचाई आयोजना, लिखु ७

७) जुकेखोला खाल्टे सिचाई आयोजना, लिखु ६

८) जुकेखोला, थापाटोल, बांगेपिपल सिचाई आयोजना, लिखु ५

९) जुकेखोला, ढाँड, मोहरिया, मचाबारी सिचाई आयोजना, लिखु ४

१०) ढाडे सिचाई आयोजना, लिखु ३

११) ठुलो खोला सिचाई आयोजना, लिखु ३

१२) टारी सिचाई आयोजना, लिखु २

१३) अर्चले सिचाई आयोजना, लिखु २

१४) होक्सेटार सिचाई आयोजना, लिखु १

ङ) आर्थिक वर्ष २०८०/८१ मा समपूरक तथा विशेष अनुदान मागका लागि संघ तथा प्रदेशमा देहायका आयोजनाहरु पेश गर्ने तथा चालु गाउँ सभामा स्वीकृतिको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**समपूरक अनुदान तर्फः**

**संघ**

१) विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना (क्रमागत)

२) वडा नं. ३, ५ र ७ वडा कार्यालय भवन निर्माण आयोजना (क्रमागत)

३) वडा नं. १, ४ र ८ वडा कार्यालय भवन निर्माण आयोजना

**प्रदेश**

१) राङ्चा, बाघखोर सडक निर्माण आयोजना (क्रमागत)

२) भञ्ज्याङ्ग, माहोरडाँडा सडक निर्माण आयोजना (क्रमागत)

**बिशेष अनुदान तर्फः**

१) वृहतर स्वास्थ्य क्षेत्र विकास कार्यक्रम

२) शिक्षा क्षेत्र सुधार कार्यक्रम

३) कृषि क्षेत्र विकास कार्यक्रम

४) स्वास्थ्य क्षेत्र पूर्वाधार (५ शैय्या आधारभूत अस्पताल संरचना निर्माण) विकास आयोजना,

**संघ प्रदेशमा माग गर्ने बिशेष आयोजनाहरुः**

१) प्रमुख प्रशासकीय भवन निर्माण आयोजना

२) वडा नं. २, ६ र ९ वडा कार्यालय भवन निर्माण आयोजना

३) सिल्खुवेसी, दाहालटार, यसम, खाल्टे, टारकेरावारी, पोकलि झरना, लिम्ति लिखु एक्वार सडक निर्माण आयोजना

४) सिरिसे, टारकेराबारी, गाम्नाङ्, पोखरीडाँडा, श्रीचौर सडक निर्माण आयोजना

५) सिरिसे, टारकेराबारी, डाँडाखर्क, पोखरीडाँडा, श्रीचौर सडक निर्माण आयोजना

६) नर्मदेश्वर, दुरागाँउ, चम्पादेवी १० सडक निर्माण आयोजना

७) लिम्ति, पोकलि झरना, ढुंगढुंगे, ककनि, कोषहाट पर्यटकीय सडक निर्माण आयोजना

८) पिँपलगैरा, आँपडाँडा, कुवापानी खोला, बगैँचा सडक निर्माण आयोजना

९) हुलाकचौर, ढलेपिपल, निगालेडाँडा, चम्पादेवी १० सडक निर्माण आयोजना

१०) मुड्के, च्युरीडाँडा सडक निर्माण आयोजना

च) लिखु एकीकृत विकास समाज (LIDS) नेपालको मिति २०७९/०२/०८ गतेको पत्रद्वारा प्रस्ताव गरेका कार्यक्रम तथा बजेट सञ्चालन गर्न सहजिकरण गर्न स्वीकृत गर्ने र चालु गाउँ सभामा अनुमोदनको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो। लिखु एकीकृत विकास समाजको पत्र यसै साथ संलग्न छ।

**निर्णय नं. ७ : प्रस्ताव नं. ७** माथि व्यापक छलफल गर्दा गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ अनुसार कार्यपालिकालाई सभा मार्फत जनताप्रती उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारबाहीको निरन्तर निगरानी गर्न देहाय बमोजिमका सभाका विषयगत समिति गठन गर्ने र समितिको काम, कर्तव्य र अधिकार तथा समिति सम्बन्धी अन्य व्यवस्था सोही ऐन बमोजिम हुने सर्वसम्मतबाट निर्णय गरियो।

१) अर्थ तथा सार्वजनिक लेखा समिति

सभापतिः तेज बहादुर जोगि (सभा सदस्य)

सदस्यः कृष्ण बहादुर खड्का (सभा सदस्य)

सदस्यः टहल बहादुर खड्का (सभा सदस्य)

सदस्यः पार्वती सार्की (सभा सदस्य)

पदेन सदस्यः मोहन कार्की (संयोजक, कार्यपालिकाको आर्थिक विकास समिति)

२) बिधायन समिति

सभापतिः टेक बहादुर श्रेष्ठ (सभा सदस्य)

सदस्यः तिल बहादुर खत्रि (सभा सदस्य)

सदस्यः रत्न कुमारी रुपाचा (सभा सदस्य)

सदस्यः हिरामाया खत्रि (सभा सदस्य)

पदेन सदस्यः घन बहादुर कार्की (संयोजक, कार्यपालिकाको बिधेयक समिति)

३) सामाजिक समिति

सभापतिः जागेश्वर भट्टराई (सभा सदस्य)

सदस्यः कल्पना नेपाली (सभा सदस्य)

सदस्यः गोमा बुढाथोकी (सभा सदस्य)

सदस्यः ज्ञानु श्रेष्ठ (सभा सदस्य)

पदेन सदस्यः पुरुषोत्तम पौडेल (संयोजक, कार्यपालिकाको सामाजिक विकास समिति)

४) सुशासन तथा स्थानीय सेवा समिति

सभापतिः लिला बहादुर खत्रि (सभा सदस्य)

सदस्यः धन कुमारी श्रेष्ठ (सभा सदस्य)

सदस्यः रत्न बहादुर पाण्डे (सभा सदस्य)

सदस्यः देउमाया भुजेल (सभा सदस्य)

पदेन सदस्यः हिरा बहादुर कार्की (संयोजक, कार्यपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समिति)

५) कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समिति

सभापतिः होम प्रसाद तिमल्सिना (सभा सदस्य)

सदस्यः ङावा शेर्पा (सभा सदस्य)

सदस्यः मिना सार्की (सभा सदस्य)

सदस्यः विनिता वि.क. (सभा सदस्य)

पदेन सदस्यः राम कुमार बुढाथोकी (संयोजक, कार्यपालिकाको पूर्वाधार विकास समिति)